श्री ५ को सरकार

## पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले एकीकृत ग्रामीण विकास समिति (गठन) आदेश, २०३९ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उपदफा (२) को खण्ड (ट) पछि देहाएको खण्ड (ट १) थपेको छ।

"(ट १) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य"

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रज्योति संघअन्तर्गत नेपाल आँखा अस्पतालको निमित्त जापानको आवाका संस्था, याशिहीरो प्राइमरी स्कूल तथा होजि रोटरी क्लबको तर्फबाट उपहारस्वरूप प्राप्त हुने एक थान सानियो कलर टेलिभिजन र एक थान भिडियो रेकर्डरको पैठारीमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उपसचिव

### सूचना २

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८ को उपदफा (६) बमोजिम नेपाल राष्ट्र बैंकलाई साबिकमा चलनचल्तीमा रहेको रू. २०।– दरको नोटमा देहायबमोजिम परिवर्तन गरी चलनचल्तीमा ल्याउन स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ।

(क) नोटको बोर्डर हल्का इन्द्रेणी रंगद्वारा रंगीन गरिएको छ।



१०९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।